# स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८०

स्वीकृत मिति:२०८०/६/११

कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण मार्फत हस्तान्तरित कार्यक्रमहरुको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनिय भएकोले विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (२) बमोजिम मन्त्रालयवाट यो कार्यविधि स्वीकृत गरि लागू गरिएको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८०" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"आवेदक"** भन्नाले कार्यक्रम सञ्चालनको लागि आवेदन दिएका सार्वजनिक/शैक्षिक संस्था/कृषक समुह/कृषि सहकारी/बहुउद्देश्यीय सहकारी/निजी क्षेत्र बुझ्नु पर्छ ।

(ख) **"उत्पादन सामाग्री"** भन्नाले कृषि, पशुपन्छी तथा मत्स्य उत्पादनमा प्रयोग हुने मल, बिउ, बेर्ना, नक्ष, भुरा, औषधि, खोप, विषादी, जैविक पदार्थ तथा हर्मोन, तरल नाइट्रोजन, कृषि चुन तथा रसायन, दाना, पोषक तथा शुक्ष्म तत्व, कृषि औजार उपकरण, लगायतका कृषि उत्पादन कार्यमा टेवा पुर्याउने अन्य सामाग्री/वस्तुलाई समेत बुझ्नु पर्छ ।

(ग) **"कार्यक्रम"** भन्नाले आर्थिक वर्ष २०८०/८१ मा स्थानीय तहमा विनियोजित सशर्त अनुदानका कार्यक्रमहरु बुझ्नु पर्छ ।

(घ) **"कृषि पूर्वाधार"** भन्नाले भन्नाले सार्वजनिक/सामुदायीक/निजी प्रयोजनका लागि निर्माण हुने कृषि बजार पूर्वाधार, दुध तथा खसिबोका संकलन केन्द्र, दुग्ध चिस्यान केन्द्र, माछा बजार, मत्स्य नर्सरी, ह्याचरी, दाना उद्योग, नर्सरी स्थापना, संरक्षित संरचना, सिचाई संरचना जस्ता कृषि उत्पादन, प्रशोधन र बजार सम्बन्धि विभिन्न पूर्वाधारलाई बुझ्नु पर्छ ।

(ङ) **"कृषक समुह"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषक समुह बुझ्नु पर्छ ।

(च) **"कृषि सहकारी"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषि क्षेत्रमा काम गर्ने सहकारी बुझ्नु पर्छ ।



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

(छ) **"केन्द्र"** भन्नाले निर्देशनालय मातहतको कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बुझ्नु पर्छ,

(ज) **"प्रदेश"** भन्नाले बागमती प्रदेश बुझ्नु पर्छ ।

(झ) **"बहुउद्देश्यीय सहकारी"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषि क्षेत्रमा काम गर्ने बहुउद्देश्यीय सहकारी बुझ्नु पर्छ ।

(ञ) **"मन्त्रालय"** भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई बुझ्नु पर्छ ।

(ट) **"निर्देशनालय"** भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय बुझ्नु पर्छ ।

(ठ) **"स्थानीय तह"** भन्नाले बागमती प्रदेश भित्रका गाउँपालिका/ नगरपालिका/ उपमहानगरपालिका/ महानगरपालिका बुझ्नु पर्छ ।

(ड) **"निजी क्षेत्र"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषि फर्म बुझ्नु पर्छ।

(ढ) **"साझेदार"** भन्नाले कार्यक्रम सञ्चालन गर्न छनौट भएका आवेदक बुझ्नु पर्छ ।

(ण) **"सार्वजनिक/शैक्षिक संस्था"** भन्नाले कार्यक्रममा उल्लेखित प्राविधिक शिक्षालय, वैदिक विद्यालय तथा सेवा आश्रम जस्ता संस्थालाई बुझ्नु पर्छ ।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन प्रक्रिया

३. **सूचना प्रकाशन**: (१) स्थानीय तहले कार्यक्रम सञ्चालनका लागि २१ दिने आवेदन मागको सुचना प्रकाशन गरी प्रस्ताव संकलन गर्नुपर्नेछ । सूचनाको ढाँचा स्थानीय तहले तोकेको ढाँचामा हुनेछ ।

(२) उपदफा १ बमोजिम सूचना प्रकाशन गर्दा माग बमोजिम आवेदन नपरेमा दोस्रो पटक १५ दिनको समयसीमा राखि पुनः सूचना प्रकाशन गर्नुपर्नेछ ।

४. **प्रस्ताव पेश गर्ने**: कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले सम्बन्धी स्थानीय तहमा स्थानीय तहले तोकेको ढाँचा बमोजिमको आवेदन, आवश्यक कागजात सहित प्रस्ताव र अनुसूची-१ बमोजिमको प्रतिबद्धता पत्र पेश गर्नुपर्नेछ ।

५. **कार्यक्रम सञ्चालन**: (१) कार्यक्रममा उल्लेखित स्थानीय तह, वडा र सम्बन्धीत स्थान बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(२) कृषि पुर्वाधार निर्माणको हकमा निर्माण सम्बन्धी कार्य सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गर्नुपर्नेछ ।

(३) स्वीकृत सशर्त कार्यक्रमसँग सम्बन्धीत क्रियाकलापहरु मात्र सञ्चालन गर्नुपर्नेछ ।



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

६. <u>अनुदान प्रतिशत र सीमाः</u> (१) साझेदारलाई स्वीकृत वार्षिक बजेटको परिधीभित्र रही रकम उपलब्ध गराईनेछ । पूजीगत प्रकृतिका कार्यक्रमहरु जस्तैः- कृषि पूर्वाधार, सिचाई संरचना निर्माण आदिको हकमा कुल लागतको बढीमा ८० प्रतिशत तथा चालू प्रकृतिका उत्पादन सामग्री खरिदमा बढीमा ५० प्रतिशत सम्म प्रोत्साहन रकम प्रदान गर्न सकिनेछ ।

(२) विगतका वर्षहरुमा सोही प्रकृतिका कार्यक्रमहरु सञ्चालनका लागि कुनै पनि सरकारी निकायवाट अनुदान प्राप्त गरेका आवेदकहरु सोही कार्यक्रममा छनौट गर्न पाईने छैन । साझेदारले सम्झौता गर्नु अघि सोही प्रकृतिको कार्यक्रमको लागि अन्य सरकारी संस्थावाट दोहोरो सुविधा नलिएको प्रतिवद्धता पेश गर्नुपर्नेछ ।

(३) यस मन्त्रालयवाट विगतका आर्थिक वर्षहरुमा बजेट विनियोजन भई सञ्चालन/सम्पन्न भएका कार्यक्रम/आयोजनाहरुमा बजेट खर्च गर्न पाईने छैन ।

७. <u>साझेदारको छनौट</u>ः स्वीकृत कार्यक्रममा तोकीएको बाहेक अन्य साझेदार संस्थाको छनौट सम्बन्धीत स्थानीय तहले मूल्याङ्कन समिति गठन गरी निश्चित मूल्याङ्कनका मापदण्डको आधारमा गर्नुपर्नेछ ।

८. <u>सम्झौताः</u> छनौट भएका साझेदारहरुसँग सम्बन्धित स्थानीय तहले सम्झौता गर्नेछ ।

## परिच्छेद -३
## <u>आर्थिक पक्ष</u>

९. <u>भुक्तानीः</u> सम्झौता भएका साझेदारहरुले सम्झौता बमोजिमको कार्य सम्पन्न गरिसकेपछि आवश्यक बील भरपाई, कार्य सम्पन्न प्रतिवेदन तथा अन्य आवश्यक कागजात पेश भएपछि प्रचलित ऐन, नियमावलीको अधिनमा रही भुक्तानी गर्नुपर्नेछ ।

## परिच्छेद -४
## <u>विविध</u>

१०. <u>दोहोरोपना नहुनेः</u> यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघ/प्रदेश/स्थानीय तहवाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनासगँ दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ । दोहोरो सुविधा लिएको पाइएमा सम्पूर्ण प्रोत्साहन रकम प्रचलित ब्याज सहित असुल गरिनेछ ।

११. <u>अनुगमन तथा मूल्याङ्कन</u>ः मन्त्रालय, निर्देशनालय, केन्द्रले आवश्यकता अनुसार सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्नेछ । स्थानीय तहले आवश्यकता अनुसार



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुगमन तथा मुल्याङ्कन गर्नुपर्नेछ र अनुसूची-२ को ढाचामा मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

१२. <u>कारवाहीको व्यवस्था</u>ः साझेदारले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाईएमा प्रचलित कानून बमोजिम असुल उपर गरिनेछ ।

१३. <u>प्रचलित कानून बमोजिम हुने</u>ः यस कार्यविधिमा उल्लेख भएका सञ्चालन प्रक्रिया बाहेकका विषयहरु प्रचलित कानूनसगँ बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ।

१४. <u>संशोधन</u>ः यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले आवश्यक संशोधन गर्न सक्नेछ । आर्थिक दायित्व/विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमती लिई संशोधन गरिनेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची -१
(दफा...सँग सम्बन्धित)

प्रतिबद्धता पत्र

............................को मिति..............................को सूचना अनुसार ........कार्यक्रम सञ्चालनको सहभागिताको लागि इच्छुक भई सोको प्रस्ताव सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु । कार्ययोजना अुनसारको कार्य नगरेमा प्रदेश सरकारवाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

आवेदकको तर्फबाट

नामः

पदः

स्थानीय तहको नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
|---|---|
| | |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची -२
(दफा १० सँग सम्बन्धित)

## प्रगति प्रतिवेदनको ढाँचा

कार्यक्रमको नामः
कार्यक्रम सञ्चालन गर्ने निकायको नामः
कार्यक्रम सञ्चालन अवधिः

| क्र.स. | कार्यक्रम को नाम | अनुदान रकम | लक्ष्य(इकाई) | | प्रगति प्रतिशत | | लक्ष्य अनुसार प्रगति हुन नसकेको भए कारण | मासिक/चौमासिक/अर्ध वार्षिक/ वार्षिक/अन्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | | | |

कार्यालय प्रमुख
दस्तखतः
नामः
पदः

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री